बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं. प्रदेश

### आन्तरिक स्रोत असुली सम्बन्धी शिलबन्दी दरभाउपत्र / बोलपत्र आव्हानको सूचना

प्रकाशित मितिः २०७९/०५/१७

बेलबारी नगरपालिकाको तपशिल बमोजिमका स्थानीय पूर्वाधार उपयोग शुल्क लगायत हाटबजार, कवाडी, पार्किङ्ग शुल्क अशुली गर्न आगामी आ.व. २०७९/८० का लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले ईजाजतप्राप्त इच्छुक कम्पनी/फर्महरुले रितपूर्वक शिलवन्दी दरभाउपत्र / बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ ।

<u>तपशिल</u>

| सि .नं. | ठेक्काको नाम | ठेक्का नं. | न्युनतम अंक रु. (भ्याट बाहेक ) | फारम दस्तुर रु. | ठेक्काको प्रकार | सूचना प्रकासित पटक र कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने मवेशी हाटको पशु हाटबजार कर असुली | BM/MOR/S/ NCB-01-2078/79 | ३०,००,०००/- | ३०००।- | बोलपत्र | तेस्रो ( e-Bid मात्र) |
| २ | लक्ष्मीमार्ग सोराभाग सडक, बेतना सिमसार बुधबारे सडक, टुक्रे कसेनी सडक, मालपोत कसेनी सडक, बेलबारी फडानी सडक, लालभित्ती केराबारी सडक र कसेनी बाहुनी नरह सडक उपयोग गरे बापत (कृषिजन्य बस्तु बाहेक अन्य व्यापारिक वस्तु ढुवानी गरे बापत) | BM/MOR/S/ NCB-03-2078/79 | २०,५०,०००/- | ३०००।- | बोलपत्र | तेस्रो ( e-Bid मात्र) |
| ३ | बेलबारी १ मा लाग्ने सोमबारे र बेलबारी २ मा लाग्ने शुक्रबारे हाटको ठेक्का व्यवस्थापन | BM/MOR/S/ SQ-01-2078/79 | ७,२०,०००/- | १०००।- | दरभाउ पत्र | चौथो (Hardcopy मात्र) |
| ४ | सिसौबारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडकको आन्तरिक ठेक्का व्यवस्थापन | BM/MOR/S/ SQ-03-2078/79 | ९,६०,०००/- | १०००।- | दरभाउ पत्र | चौथो (Hardcopy मात्र) |
| ५ | कवाडी शुल्क असुली | BM/MOR/S/ SQ-04-2078/79 | १,२६,०००/- | १०००।- | दरभाउ पत्र | चौथो (Hardcopy मात्र) |
| ६ | पार्किङ शुल्क असुली (मालपोत र नापी) | BM/MOR/S/ SQ-05-2078/79 | ४,००,०००/- | १०००।- | दरभाउ पत्र | चौथो (Hardcopy मात्र) |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने दरभाउपत्र/बोलपत्रदाताले प्रत्येक ठेक्काको छुट्टाछुट्टै निमानुसार पेस गर्नुपर्नेछ ।

<u>शर्तहरु:</u>

१. दरभाउपत्र / बोलपत्र फारम दस्तुर रकम बेलबारी नगरपालिकाको आन्तरीक राजश्व खाताको खाता नं. २४३०१००३०१०१०००२ मा उल्लिखित रकम जम्मा गरेको राजस्व भौचर र कबोल गरेकोको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं. २४३०१००३०३००००२ मा जम्मा गरी वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ सम्लग्न राखी गरी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने र Hardcopy को हकमा कार्यालयबाट उपलब्ध गराईनेछ । दरभाउपत्र / बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र/ बोलपत्र फारम सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं. प्रदेश

| सि.नं. | ठेक्काको नाम | ठेक्का नं. | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम बुझाउने अन्तिम मिति र समय | फारम खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने मवेशी हाटको पशु हाटबजार कर असुली | BM/MOR/S/NCB-01-2078/79 | २०७९।०५।२४ गते दिनको १२:०० बजे सम्म | २०७९।०५।२४ गते दिनको १२:०० बजे सम्म | २०७९।०५।२४ गते दिनको ०२:०० बजे सम्म | |
| २ | लक्ष्मीमार्ग सोराभाग सडक, बेतना सिमसार बुधबारे सडक, टुक्रे कसेनी सडक, मालपोत कसेनी सडक, बेलबारी फडानी सडक, लालभित्ती केराबारी सडक र कसेनी बाहुनी नरह सडक उपयोग गरे बापत ( कृषिजन्य बस्तु बाहेक अन्य व्यापारिक वस्तु ढुवानी गरे बापत) | BM/MOR/S/NCB-03-2078/79 | | | | |
| ३ | बेलबारी १ मा लाग्ने सोमबारे र बेलबारी २ मा लाग्ने शुक्रबारे हाटको ठेक्का व्यवस्थापन | BM/MOR/S/SQ-01-2078/79 | २०७९।०५।२३ गते कार्यालय समय भित्र | २०७९।०५।२४ गते दिनको १२:०० बजे सम्म | २०७९।०५।२४ गते दिनको ०२:०० बजे सम्म | |
| ४ | सिसौबारी फडानी भलुवा लोहन्द्रा खोला बेलबारी सडकको आन्तरिक ठेक्का व्यवस्थापन | BM/MOR/S/SQ-03-2078/79 | | | | |
| ५ | कवाडी शुल्क असुली | BM/MOR/S/SQ-04-2078/79 | | | | |
| ६ | पार्किङ शुल्क असुली (मालपोत र नापी) | BM/MOR/S/SQ-05-2078/79 | | | | |

३. बोलपत्र दर्ता भएको दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. दरभाउपत्रदाता / बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम तोकिएको खातमा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्रदाताको हकमा कम्तिमा ९० दिन र बोलपत्रदाताको हकमा कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै दरभाउपत्र/ बोलपत्रदाताले दरभाउ / बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको

गणेशराज
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका

# नगर कार्यापालिकाको कार्यालय

**बेलबारी, मोरङ**

**१ नं. प्रदेश**

प्रतिलिपी, आ.व. २०७७/०७८ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

५. दरभाउ / बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी दरभाउपत्र / बोलपत्र स्वीकृत भएको दरभाउपत्रदाता / बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

६. दरभाउदाता / बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी / गराई बेलबारी नगरपालिकाको विभाज्य कोष खाता नं. २४३०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

७. किस्तामा बुझाउन चाहाने दरभाउपत्र / बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर वाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०७९ फाल्गुण मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०७९ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा दरभाउपत्र / बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८० श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०७९ चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।

८. ठेक्काको अबधि सम्झौता अबधि देखि २०८० असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१०. कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ ।अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

११. कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नछ।

१२. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१३. दरभाउपत्रदाता / बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१४. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

१५. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो दरभाउपत्र / बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१६. नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाता / बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ । अधिकतम कबोल गर्ने दरभाउपत्रदाता / बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्र /

गणेशराज
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## १ नं. प्रदेश

बोलपत्रदाता र अधिकतम कबोल गर्ने दरभाउपत्रदाता / बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्रदाता / बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१७. ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

१८. दरभाउपत्रदाता / बोलपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

१९. दरभाउपत्रदाता / बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२०. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२१. दरभाउपत्रदाता / बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२२. दरभाउपत्रदाता / बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२३. यस प्रकृयामा सहभागीहुने दरभाउपत्रदाता / बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२४. माथि उल्लेखित शर्तहरुको थप प्रष्ठिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, belbarimunmorang@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत